# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः १०, भाद्र १५ गते, २०८२ साल


व्यास नगरपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका नर्सिङ शिक्षा अध्ययन छात्रबृत्ति कार्यविधि, २०८२

कार्यपालिकाबाट पारित मिति : २०८२।५।८

**प्रस्तावना** : व्यास नगरपालिका क्षेत्रभित्र प्रसुती सेवालाई प्रभावकारी बनाउनका लागि नर्सिङ अध्ययन, अनुसन्धान गर्ने विपन्न, जेहेन्दार विद्यार्थीलाई उपलब्ध गराइने छात्रबृत्ति सहयोगलाई व्यवस्थित, पारदर्शी बनाउन निश्चित मापदण्ड र योग्यता आवश्यक भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "व्यास नगरपालिका नर्सिङ शिक्षा अध्ययन छात्रबृत्ति कार्यविधि २०८२" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ग) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित सिफारिस समिति सम्झनुपर्छ ।

(च) "शैक्षिक संस्था" भन्नाले नेपाल कानुन बमोजिम स्थापना भएको विश्वविद्यालय, अध्ययन संस्थान, क्याम्पस र सामुदायिक एवं संस्थागत समेत सम्झनुपर्छ ।

## परिच्छेद २
## छात्रबृत्ति वितरण सम्बन्धी व्यवस्था

३. **छात्रबृत्ति उपलब्ध गराइने :** (१) नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा विनियोजित बजेटको सीमा भित्र रही जेहेन्दार विद्यार्थीका लागि प्रसुती सेवा सम्बन्धी नर्सिङ शिक्षा अध्ययनका लागि छात्रबृत्ति उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने छात्रबृत्ति छनोटको मापदण्ड देहाय बमोजिम हुनेछ :

(क) छात्रबृत्ति शैक्षिक संस्थाद्वारा सञ्चालित शैक्षिक कार्यक्रमका लागि पूर्ण वा आंशिक रुपमा उपलब्ध गराइने छ ।

(ख) छात्रबृत्ति माग गर्ने छात्र/छात्रा विपन्न, लगनशील एवं जेहेन्दार हुनुपर्नेछ ।

(ग) छात्रबृत्ति माग गर्ने छात्र/छात्रा व्यास नगरपालिका क्षेत्रभित्रको स्थायी बासिन्दा हुनुपर्नेछ ।

(घ) छात्रबृत्ति माग गर्ने छात्र/छात्राको परिवारको आर्थिक अवस्था विपन्न भई शैक्षिक संस्थालाई तिर्न बुझाउन नसक्ने भनी सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको हुनुपर्नेछ ।

(ङ) छात्रबृत्ति माग गर्ने छात्र/छात्राले प्रसुती सेवा सम्बन्धी (Midwives) प्रमाणपत्र तह वा स्नातक तहको नर्सिङ विषयमा अध्ययन गर्नका लागि मात्र पाउने छन् ।

४. **छात्रबृत्ति सिफारिस समिति :** (१) यो कार्यविधि बमोजिम छात्रबृत्ति सिफारिस गर्न नगरपालिकमा एक छात्रबृत्ति समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारी सदस्य रहने छन् :

(क) संयोजक : उपप्रमुख

(ख) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य : नगरपालिकाको प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा प्रमुख

(घ) सदस्य : नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख

(ङ) सदस्य सचिव : नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख

५. **समितिको काम, कर्तव्य र अधिकार :** छात्रबृत्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाले उपलब्ध गराउने छात्रबृत्तिका लागि सूचना प्रकाशित गर्ने, निवेदन प्राप्त गर्ने, छनोट गर्ने ।

(ख) स्वीकृत बजेटको सीमाभित्र रही छात्रबृत्ति सिफारिस गर्ने,

(ग) नगरपालिकाले उपलब्ध गराउने छात्रबृत्तिलाई लक्षित वर्ग केन्द्रित गरी सिफारिस गर्ने,

(घ) छात्रबृत्ति उपलब्ध गराउँदा वैज्ञानिक, सामाजिक न्यायपरक, समतामूलक र पारदर्शी ढङ्गले गर्न गराउन आवश्यक शर्त तथा मूल्याङ्कनका आधार तयार गरी काम गर्ने ।

६. **विद्यार्थीको जिम्मेवारी :** छात्रबृत्ति अध्ययन गर्ने विद्यार्थीको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) छात्रवृत्तिमा छनौट भइसकेपछि सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठानमा भर्ना भएको हुनुपर्नेछ ।

(ख) सम्बन्धित शिक्षण संस्थाको प्रचलित नियम र अनुशासनको परिधिभित्र रही नियमित अध्ययन गर्नुपर्नेछ ।

(ग) बीचैमा पढाई छोड्न पाइने छैन ।

(घ) अध्ययनलाई निर्धारित अवधि भित्रै पूरा गर्नुपर्नेछ ।

(ङ) अध्ययन पूरा गरिसकेपछि नगरपालिकाले तोकेको स्वास्थ्य संस्थामा न्यूनतम दुई वर्ष अनिवार्य सेवा गर्नुपर्नेछ ।

७. **जिम्मेवारी पालना नगरेमा** : (१) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीले दफा ६ बमोजिमको जिम्मेवारी पालना नगरेमा देहाय बमोजिम हुनेछ :

(क) तोकिएको शिक्षण संस्थामा भर्ना भएर बीचैमा पढाई छोडेमा पढाई छोडेको वर्ष पछि कुनैपनि तहको एकीकृत प्रवेश परीक्षामा लगातार दुई वर्षसम्म सहभागी हुन पाउने छैनन् । साथै भविष्यमा समान तहको छात्रवृत्तिमा अध्ययनको लागि समेत अयोग्य हुनेछ ।

(ख) छात्रबृत्ति प्राप्त गर्ने विद्यार्थीले कबुलियतनामा बमोजिमको काम नगरेमा छात्रबृत्ति वापत प्राप्त गरेको रकमको दोब्बर रकम जरिवाना गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८. **कबुलियत गर्नुपर्ने** : (१) यस कार्यविधि बमोजिम नगरपालिकाबाट छात्रबृत्ति वापत प्राप्त भएको रकम अन्य प्रयोजनमा खर्च नगर्ने तथा अध्ययन/अध्यापन/अनुसन्धानात्मक क्षेत्रमा तोकिए बमोजिम रकमको पूर्ण सदुपयोग गर्ने व्यहोराको कबुलियतनामा गर्नुपर्नेछ ।

(२) उपदफा (१) विपरीत छात्रबृत्ति वापत उपलब्ध गराइएको रकम दुरुपयोग भएको पाइएमा त्यसरी उपलब्ध गराइएको छात्रबृत्ति वापतको रकमको दोब्बर रकम नगरपालिकाले असुल उपर गर्नेछ ।

९. **प्रगति प्रतिवेदन पेश गर्नुपर्ने** : (१) नगरपालिकाबाट छात्रबृत्ति प्राप्त गरी अध्ययन गर्ने छात्रछात्राले वार्षिक रुपमा आफूले प्राप्त गरेको शैक्षिक प्रगति प्रतिवेदन नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखामा पेश गर्नुपर्नेछ ।

(२) सम्बन्धित छात्रछात्राको प्रतिवेदनबाट सन्तोषजनक अवस्था देखिएमा थप वर्ष वा कार्यक्रमका लागि छात्रबृत्ति सहयोगलाई निरन्तरता दिन सकिने छ ।

१०. **सेवा गर्ने सम्बन्धी व्यवस्था** : नरपालिकाबाट छात्रबृत्ति प्राप्त गरी अध्ययन गरेका छात्रछात्राले नगरपालिकामा कम्तिमा २ (दुई) वर्ष सेवा गर्नुपर्नेछ ।

११. **माफी, मिनाहा वा छुट दिन सकिने** : छात्रवृत्तिमा अध्ययन गरिरहेका विद्यार्थीको तर्फबाट अध्ययनलाई निरन्तरता दिन नसकेको वा नसकिने भनी निवेदन प्राप्त भएको अवस्थामा देहाय बमोजिम निजलाई माफी, मिनाहा वा छुट दिन सकिनेछ :

(क) निजको शारीरिक वा मानसिक रोगका कारण अध्ययनका लागि असमर्थ रहेको प्रमाण सहित नेपाल सरकारले तोकेको स्वास्थ्य संस्थाको सिफारिस भएमा,

(ख) निजको मृत्यु भएमा ।

१२. **कार्यविधि संशोधन** : यो कार्यविधिमा आवश्यकतानुसार संशोधन गर्न कार्यपालिकालाई अधिकार हुनेछ ।

१३. **बाधा अड्काउ फुकाउने** : यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत